**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क २२६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ भाद्र ११ गते बुधबार ❑ 27 Aug. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## पोखरा र कोरियाको चेओगं खेलकुद समितिबीच खेलकुद विकास समझदारी

**पोखरापत्र संवाददाता**
पोखरा, १० भाद्र



पोखरा महानगरपालिका र गणतन्त्र कोरियाको चेओगं योङ काउन्टी खेलकुद समितिबीच खेलकुद गतिविधिमा मैत्रीपूर्ण र सहयोगात्मक सम्बन्ध अभिवृद्धि गर्ने समझदारी भएको छ।

पोखरामा मंगलबार भएको सो समझदारीपत्रमा पोखरा महानगरपालिकाकाका तर्फबाट प्रमुख प्रशासकीय अधिकृत मुक्तिराम अर्याल र चेओगं योङ काउन्टीका तर्फबाट हान ग्वाङ् सेओकले हस्ताक्षर गर्नुभएको छ । खेल गतिविधिहरूको माध्यमबाट मैत्रीपूर्ण सम्बन्ध अभिवृद्धि, खेलाडी, प्रशिक्षक र खेलप्रेमीहरूबीच भ्रमण आदानप्रदान, पोखराका खेलाडीहरूको प्रदर्शनलाई थप सुधार गर्ने समन्वय र सहयोग प्रदान गर्ने, कोरियाली खेलकुदसँग सम्बन्धित उत्पादन साथै अन्य वस्तु तथा सेवाहरूको निर्यातका लागि आवश्यक समन्वय तथा सहकार्य गर्ने उद्देश्यले समझदारी गरिएको नगरप्रमुख धनराज आचार्यले बताउनुभयो । प्रमुख आचार्यले भन्नुभयो, "विभिन्न खेलहरूमा हाम्रा खेलाडीहरूको दक्षता अभिवृद्धि गर्न र विशेषज्ञता हासिल गर्न यो समझदारी महत्वपूर्ण हुनेछ । पर्यटकीय राजधानी पोखरालाई खेलकुदको हब बनाउने सन्दर्भमा अन्तरराष्ट्रिय सहकार्यले यसको औचित्य पुष्टि गरेको छ ।" महानगरप्रमुख आचार्यका अनुसार फुटबल, बक्सिङ, तेक्वान्दो, भलिबल, ब्याडमिन्टन, टेबलटेनिस, लनटेनिस, एथ्लेटिक्स, म्याराथनलगायत खेलका खेलाडीको दक्षता वृद्धि गर्न यस समझदारीले सहयोग पुग्नेछ। यसबाट पोखरेली र कोरियाली खेलाडीहरूबीच नियमित मैत्रीपूर्ण खेलको व्यवस्था मिलाउने र कोरियाली प्रशिक्षकको मार्गदर्शनमा पोखराका खेलाडीको क्षमता अभिवृद्धि गर्नसमेत सहज हुने महानगरले जनाएको छ। चेओगं योङ काउन्टी खेलकुद समितिका अध्यक्ष हान ग्वाङ् सेओकले पोखराका खेलाडीहरूको प्रदर्शनमा सुधार गर्न उन्नत प्रविधि र प्रशिक्षण विधिहरू प्रदान गरिने बताउनुभयो। युवा खेलाडीहरू आदानप्रदान, विद्यालयस्तरका खेलकुदका कार्यक्रमहरू सञ्चालन, पोखरामा रहेका खेलकुद संस्थाहरूलाई व्यावसायिक स्तरको सीप विकासमा सहयोग, समग्र पोखरा महानगरभित्रका खेलकुद गतिविधिहरूका सम्भाव्य क्षेत्रहरूको खोजीका लागि आफूहरू तत्पर रहेको उहाँले बताउनुभयो।

कार्यक्रममा पोखरा महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अर्यालले पोखराको समग्र खेलकुद विकासमा उल्लेखनीय सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । "खेल पूर्वाधारको विकास, खेलाडीहरूको क्षमता अभिवृद्धि, खेल सामग्रीहरू सहयोग, प्राविधिक सहायता, आपसमा भ्रमण तथा अनुभव आदानप्रदानका लागि यो समझदारी आधारभूत रूपमा महत्वपूर्ण छ," उहाँले भन्नुभयो।

सोही प्रकृतिको समझदारी जिल्ला खेलकुद विकास समिति कास्की र चेओगं योङ काउन्टीको बीचमा पनि भएको छ। कार्यक्रममा जिल्ला खेलकुद विकास समिति कास्कीका अध्यक्ष मिलन गुरुङ, अग्रज पर्यटन व्यवसायी तथा अन्तरराष्ट्रिय खेलाडी गणेशबहादुर भट्टराई, पोखरा महानगरपालिका-१५ का वडाअध्यक्ष एवं महानगरको खेलकुद विकास समितिका संयोजक तोरणबहादुर बानियाँलगायतले समझदारी पोखराका खेलाडीहरूको अन्तरराष्ट्रिय पहुँच स्थापना गर्ने सवालमा निकै महत्त्वपूर्ण रहेको बताउनुभयो।

## तीजको मौलिकतालाई निरन्तरता दिनुपर्छ : प्रदेश प्रमुख भट्ट

**पोखरापत्र संवाददाता**
पोखरा, १० भाद्र



गण्डकी प्रदेशका प्रदेश प्रमुख डिल्लीराज भट्टले परम्परागत तीज गीत प्रतियोगिताले मौलिक तीजे भाकाहरू जीवन्त राख्न सघाउ पुग्ने बताउनुभएको छ।

पोखराको मालेपाटन स्थित सूर्यचन्द्र विकास समाजले आयोजना गरेको ११ औं मालेपाटन तीज गीत प्रतियोगिताको शुभारम्भ गर्नुहुँदै प्रदेश प्रमुख भट्टले पछिल्लो प्रविधियुक्त समयमा तीजको मौलिकतालाई पनि असर गरिरहेको सन्दर्भमा यस्ता प्रतियोगिताहरुको महत्व रहने उल्लेख गर्नुभयो। 'निराहार व्रत बस्नुअघि माइत गएर खाइने दर हप्तौंअघि होटल तथा पार्टी प्यालेसहरुमा खाने प्रचलन बढ्दो छ । सुसभ्य तीज गीतहरु सुन्नै मुस्किलको अवस्था छ । समाजको यो परिवेशका बीचमा सूर्यचन्द्रले आयोजना गरेको यस्ता तीज गीत प्रतियोगिताले हाम्रा भाकाहरु जीवन्त राख्न सघाउ पुऱ्याउनेछ ।' उहाँले भन्नुभयो । संस्कृति सम्पूर्ण समाजको जीवन पद्धति रहेको बताउँदै उहाँले मानिसको धर्म, भाषा, शिष्टाचार, अनुष्ठान र कला संस्कृतिमा समाविष्ट हुने उल्लेख गर्नुभयो। 'नेपाली संस्कृति धेरै पुरानो र विविधतायुक्त छ । युवाहरूले आफ्नो संस्कृतिलाई प्रवर्द्धन र रक्षा गर्न जरुरी छ।' उहाँले भन्नुभयो - 'समयकाल परिवर्तनसँगै कुनै पनि संस्कृतिको नराम्रा पक्षलाई सुधार्नु जरुरी


बाँकी अन्तिम पृष्ठमा ▶▶


## पोखरा र गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल नियमित सञ्चालन गर्न छलफल

**रासस**
काठमाडौं, १० भाद्र

पोखरा र गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलबाट नियमित अन्तरराष्ट्रिय उडान सञ्चालन गर्ने सम्बन्धी छलफल भएको छ।

दुवै विमानस्थलबाट नियमित उडान गर्नेसम्बन्धी कार्ययोजनामा मंगलबार अर्थ मन्त्रालयमा छलफल भएको उपप्रधानमन्त्री विष्णुप्रसाद पौडेलको निजी सचिवालयले जनाएको छ।

त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको भारबहन व्यवस्थापन तथा गौतमबुद्ध र पोखरा विमानस्थलमा नियमित उडानका उपाय पहिचान तदनुरुप गर्ने सन्दर्भमा छलफल भएको हो । छलफलमा अर्थमन्त्री पौडेल, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्री पाण्डे, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारी, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष शिवराज अधिकारी, मुख्यसचिव एकनारायण अर्याल, सचिवहरु तथा नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक लगायत सहभागी हुनुहुन्थ्यो।

## प्रधानमन्त्रीको भारत भ्रमणमा जिपी अस्पताल निर्माणको सम्झौता हुन्छ: मन्त्री पौडेल

**पोखरापत्र संवाददाता**
दमौली, १० भाद्र



स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले प्रधानमन्त्रीको आसन्न भारत भ्रमणमा जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रको ३०० क्षमताको अस्पताल भवन निर्माणका लागि सम्झौता हुने बताउनुभएको छ।

तनहुँको शुक्लागण्डकी नगरपालिका-५ बेलचौतारास्थित जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रमा मंगलबारदेखि सुरु भएको 'इलेक्ट्रोनिक मेडिकल रेकर्ड' प्रणालीको शुभारम्भ गर्नुहुँदै मन्त्री पौडेलले अस्पताललाई ३०० शय्या क्षमतामा विस्तार गरिने र त्यसका लागि भारत सरकारसँग सम्झौता हुने बताउनुभयो । अस्पतालको स्तरोन्नतिका लागि यसअघि नै भारत सरकारले सहमति जनाइसकेकाले प्रधानमन्त्री केपी शर्मा ओलीको भारत भ्रमणका क्रममा यस सम्बन्धमा सम्झौता भएर निर्माणको प्रक्रिया सुरु हुने मन्त्री पौडेलले बताउनुभयो।

मन्त्री पौडेलले भन्नुभयो, "अस्पतालको डिपिआर अनुसार रु ६०० करोडको लागत स्वीकृत भएर भारतको स्वास्थ्य मन्त्रालयमा गइसकेको छ । हामीले सम्पूर्ण प्रक्रिया पूरा गरिसकेका छौं ।" उहाँले अस्पताल स्तरोन्नतिको प्रक्रिया लाग्ने भएकाले त्यस अवधिसम्म जनरल हस्पिटल राम्रोसँग चलाउनुपर्ने बताउनुभयो।

अस्पतालको स्तरोन्नति गरी देशकै ठूलो श्वासप्रश्वास उपचार केन्द्र बनाउने लक्ष्य राखिएको छ । त्यसका लागि अस्पतालको विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर) तयार भइसकेको छ। मन्त्री पौडेलले जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रलाई जनताको आकर्षणको केन्द्र बनाउन सकिने र यसका लागि तीन तहकै सरकारको यसमा सहयोग आवश्यक रहेको उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "सङ्घ सरकार मातहत रहेको यस अस्पताललाई प्रदेश र स्थानीय सरकारको पनि सहयोगको खाँचो छ ।" मन्त्री पौडेलले अस्पतालमा एमडिजिपी डाक्टर पढाउने व्यवस्था गरिने बताउँदै त्यसका लागि कम्तीमा ७०० बिरामी अस्पताल आउने अवस्था हुनुपर्ने बताउनुभयो । उहाँले स्वास्थ्य बीमालाई व्यवस्थित बनाइने बताउँदै बजेट अभावका कारण स्वास्थ्य बीमाको भुक्तानी दिन समस्या भइरहेको चर्चा गर्नुभयो । कार्यक्रममा गण्डकी प्रदेशसभा सदस्य जितप्रकाश आलेले जिपी कोइराला अस्पताल तनहुँको मात्रै नभई राष्ट्रकै गौरव रहेको बताउनुभयो।

विश्व स्वास्थ्य सङ्गठनका नेपाल प्रमुख डा राजेश साम्बाजिराब पाण्डवले विश्व स्वास्थ्य सङ्गठनले नेपालको स्वास्थ्य क्षेत्रमा महत्वपूर्ण सहयोग गर्दै आएको बताउनुभयो । विश्व स्वास्थ्य सङ्गठनको प्राविधिक सहयोगमा अस्पतालमा उक्त प्रणालीको गत जेठ १४ गते अभ्यास गरिएको थियो । अस्पतालका कार्यकारी निर्देशक डा रामकुमार श्रेष्ठले यो प्रणाली सुरु भएसँगै टिकटिङ, बिलिङ, रिपोर्ट, औषधिलगायतको विवरण अनलाइन प्रणालीमार्फत जानकारी लिन सहज हुने बताउनुभयो । उहाँले भन्नुभयो, "यसले अब बिरामीको विगतदेखि वर्तमानसम्मका सबै विवरण सजिलै हेर्न सकिनेछ । एक्स-रे रिपोर्ट प्रिन्ट गर्नुपर्दैन । एक्स-रे र प्रयोगशालाको रिपोर्ट सिधै चिकित्सकले हेर्न सहज हुनेछ।" यो प्रणाली सुरु भएसँगै टिकट काउन्टर, ल्याबमा कामको भार धेरै नै कम भएको उहाँको भनाइ छ । यस प्रणालीबाट बिरामीको उपचारमा कम त्रुटि हुने र स्वास्थ्यकर्मीको समय कागजी कामभन्दा उपचारमा बढी केन्द्रित हुने, नीति योजना र अनुसन्धानमा मद्दत पुग्ने विश्वास गरिएको डा श्रेष्ठले बताउनुभयो । दक्षिण एसियाकै उत्कृष्ट श्वासप्रश्वास उपचार केन्द्रका रूपमा स्थापना गर्न सरकारले पूर्वप्रधानमन्त्री स्व गिरिजाप्रसाद कोइरालाका नाममा राष्ट्रियस्तरको श्वासप्रश्वास उपचार केन्द्र स्थापना गर्ने निर्णय गरेको थियो । सोही अनुसार शुक्लागण्डकी नगरपालिकाको बेलचौतारामा ७४० रोपनी जग्गा उपचार केन्द्रका नाममा प्रदान भइसकेको छ । अस्पतालमा तनहुँको शुक्लागण्डकी नगरपालिका, भिमाद नगरपालिका, म्याग्दे गाउँपालिका, रिसिङ गाउँपालिकासहित स्याङ्जा, पाल्पा र नवलपरासी जिल्लाका केही गाउँपालिकाका जनता पनि सेवा लिन आउँछन्।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# स्याङ्जाको ढुङ्गेदेउरालीलाई लामाचौर कप भलिबलको उपाधि

पोखरापत्र संवाददाता
पोखरा, १० भाद्र

नारीहरूको महान् पर्व तीजका अवसरमा पोखरामा आयोजना गरिएको 'लामाचौर कप' खुला पुरुष भलिबल प्रतियोगिताको उपाधि स्याङ्जा पौवैगौडेको ढुङ्गेदेउराली क्लबले जितेको छ।

नवआदर्श सामुदायिक विकास समाज पोखराको आयोजनामा भएको प्रतियोगिताको मंगलबार सम्पन्न फाइनल खेलमा जिएम समाज कावासोतीलाई ३-२ सेटमा पराजित गर्दै ढुङ्गेदेउरालीले उपाधिसहित ट्रफी, मेडल र नगद रु तीन लाख जितेको हो। यसैगरी, उपविजेता जिएम समाजले रु एक लाख ५० हजार प्राप्त गरेको छ। प्रतिस्पर्धात्मक खेलमा ढुङ्गेदेउरालीले पहिलो सेट २२-२५ ले विपक्षीलाई सुम्पियो।



दोस्रो सेट २५-१८ ले आफ्नो पक्षमा पारेकामा तेस्रो सेट पुनः २५-२७ ले जिएम समाजलाई सुम्पियो। चौथो र पाँचौँ सेट भने २६-२४ र १५-१२ ले आफ्नो पक्षमा पार्दै उपाधिमा ढुङ्गेदेउराली कब्जा जमाउन सफल भएको हो। पुरुषततर्फ ढुङ्गेदेउरालीका सफल विकले सर्वोत्कृष्ट खेलाडी घोषित हुँदै रु १० हजार पुरस्कार पाए। विधागत पुरस्कारमा ढुङ्गेदेउरालीले नै वर्चस्व जमाएको छ। 'बेस्ट स्पाइकर' सञ्जुविक्रम शाह, 'बेस्ट डिफेन्डर' राजन दर्लामी, 'बेस्ट सर्भर' किसान गुरुङ, 'इमर्जिङ प्लेयर' सुगम सुनार र 'बेस्ट कोच' विक्रम नेपाली घोषित भएको नेपाल भलिबल सङ्घ केन्द्रीय उपाध्यक्ष यामबहादुर गुरुङले जानकारी दिनुभयो। यसैगरी, ' लामाचौर कप' अन्तरमावि छात्रा भलिबल प्रतियोगिताको उपाधि पोखराको शान्ता माविले जितेको छ। फाइनलमा टप्स माविलाई ३-१ सेटमा पराजित गर्दै उपाधिसहित नगद रु एक लाख जितेको हो। उपविजेता टप्सले रु ५० हजार पुरस्कार प्राप्त गरेको छ। टप्सले पहिलो सेट आफ्नो पक्षमा पारेको थियो, तर शान्ताले एकाएक रणनीतिक खेल खेल्दै २२-२५, २५-६, २५-१३ र २५-१४ सेटमा उपाधि जितेको हो। 'बेस्ट प्लेयर' शान्तकी पृथ्वी गाह बनिन्। शान्तकै अपेक्षा विक 'बेस्ट स्पाइकर', अस्तर राई 'बेस्ट सर्भर', प्रमिला नेपाली 'बेस्ट ब्लकर', एलिना गुरुङ 'बेस्ट लिबेरा' टप्सकी एलिजा आले 'बेस्ट सेटर' घोषित भए।

नवआदर्शले संस्थाको २९औँ वार्षिक समारोह एवं तीजका अवसरमा २७औँ संस्करणको लामाचौर तीज महोत्सवअन्तर्गत प्रतियोगिता आयोजना गरेको हो। त्यस अवसरमा खेलकुदसहित विविध सांस्कृतिक एवं साङ्गीतिक कार्यक्रम भएको अध्यक्ष दिनेश भण्डारीले जानकारी दिनुभयो।

# तीन तहको सरकारको समन्वयबाट समृद्धि : स्वास्थ्यमन्त्री पौडेल

पोखरापत्र संवाददाता
दमौली, १० भाद्र

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले तीन तहको सरकारको समन्वयबाट समृद्धि सम्भव रहेको बताउनुभएको छ।

तनहुँको भिमाद नगरपालिकामा मंगलबार आयोजित स्वागत एवं भेटघाट कार्यक्रममा उहाँले सङ्घीय, प्रदेश र स्थानीय तहबाट समन्वय र सहकार्य आवश्यक रहेकामा जोड दिनुभयो।

मुलुकको समृद्धिका लागि सहमति र सहकार्य आवश्यक रहेको बताउँदै मन्त्री पौडेलले स्थानीय तह नजिकको सरकार भएकाले जनताले सहज र सरल तरिकाबाट सेवा प्राप्ति गर्नुपर्ने बताउनुभयो। स्थानीय तहलाई बलियो बनाउँदै सङ्घीयता सुदृढ गर्नु अहिलेको प्रमुख जिम्मेवारी रहेको मन्त्री पौडेलको भनाइ




थियो। कार्यक्रममा गण्डकी प्रदेशसभा सदस्य जितप्रकाश आलेले जनताको भावनाअनुसार तिनै तहको सरकारले काम गर्नुपर्नेमा जोड दिनुभयो।
त्यस क्रममा नगरप्रमुख दधिराज सुवेदीले नगरपालिकाले गर्दै आएका कामका बारेमा मन्त्री पौडेललाई जानकारी गराउनुभयो। मन्त्री पौडेलले आजै शुक्लागण्डकी नगरपालिका-८ ले आयोजना गरेको तीज गीत प्रतियोगिताको उद्घाटन गर्नुभयो। त्यस्तै, भिमाद एफएमले आयोजना गरेको तीज गीत प्रतियोगिता र घिरिङ गाउँपालिका-१ बैडीमा पुष्पाञ्जली समाज सुधार मञ्चले आयोजना गरेको वडास्तरीय पुरुष भलिबल प्रतियोगिता र तीज गीत प्रतियोगिताको मन्त्री पौडेलले उद्घाटन गर्नुभएको थियो।

# स्याङ्जाबाट भगवती अर्याल 'शी लिड्स आइकन' मा

पोखरापत्र संवाददाता
स्याङ्जा, १० भाद्र

नेपाली महिला जनप्रतिनिधिहरुको कामलाई प्रचारप्रसार गर्ने अभियान अन्तर्गत गत वर्षदेखि सञ्चालन गरिएको 'शी लिड्स आइकन' को दोस्रो संस्करण हुने भएको छ। जसका लागि स्याङ्जाको भीरकोट नगरपालिकाबाट नगर उपप्रमुख भगवती रेग्मी अर्याल छनोट भएकी छन्।

कल्प इम्पावर वेमेनद्वारा आयोजित उक्त आइकन नेपालको राजनीतिमा महिला परियोजना अन्तर्गत सञ्चालित छ। स्थानीय तहमा निर्वाचित महिला जनप्रतिनिधि मध्येबाट महिला स्वास्थ्य, महिला उद्यमशीलता, नीति र न्याय, सशक्तिकरण र जवाफदेहिता क्षेत्रमा प्रेरणादायी र उत्कृष्ट कार्यसम्पादनको नेतृत्व गर्ने महिला जनप्रतिनिधिलाई विश्वसामु परिचित गराउने



अभियान शी लिड्स आइकन गर्दै आएको कल्प इम्पावर वेमेनले जनाएको छ।

जस अन्तर्गत दोस्रो संस्करणको ३१ उत्कृष्ट सार्वजनिक गर्दै भोट तथा निर्णायकको निर्णयद्वारा आइकन छनोट गरिने बताइएको छ। देशभरका १३१ प्रेरणादायी महिला जनप्रतिनिधिबाट विभिन्न मापदण्डका आधारमा ३१ जना छनोट गरिएकोमा स्याङ्जाबाट भीरकोट नगरपालिकाकी उपप्रमुख भगवती रेग्मी अर्याल छनोट भएकी छन्। 'हामी रोज्दैछौं, हाम्रा प्रतिनिधि' भन्ने नारासहित शी लिड्स आइकनले अभियान सञ्चालन गरेको हो।

आयोजकका अनुसार यस संस्करणमा कुल १३१ वटा आवेदन प्राप्त भएका थियो। त्यस मध्ये प्रकिया पूरा भएका १११ आवेदनमध्ये कोशी प्रदेशबाट २०, मधेश प्रदेशबाट १२, बागमती प्रदेशबाट १७, गण्डकी प्रदेशबाट १६, लुम्बिनी प्रदेशबाट १६, कर्णाली प्रदेशबाट १२ र सुदूरपश्चिम प्रदेशबाट १६ आवेदन रहेको थियो।

यसमध्ये प्रमुख/अध्यक्षको कुल संख्या १० र उपप्रमुख/उपाध्यक्षको कुल संख्या १०१ रहेको थियो।

१११ महिला जनप्रतिनिधिको आवेदनबाट वरिष्ठ राजनीतिज्ञ तथा प्रथम महिला मुख्यमन्त्रि अष्टलक्ष्मी शाक्य, सञ्चार तथा रणनीतिज्ञ चारु चडड़ा र लैंगिकता र समानता विशेषज्ञ सरु जोशी सहितको निर्णायक मण्डलले कोशी प्रदेशबाट ४, मधेश प्रदेशबाट ५, बागमती प्रदेशबाट ५, गण्डकी प्रदेशबाट ४, लुम्बिनी प्रदेशबाट ४, कर्णाली प्रदेशबाट ४ र सुदूरपश्चिमबाट ५ जना गरी जम्मा ३१ जना प्रेरणादायी महिला जनप्रतिनिधिहरु छनोट गरेका छन्।

अन्तिम छनोटमा ७ प्रमुख र २४ जना उपप्रमुख छन्। गण्डकी प्रदेशबाट स्याङ्जा जिल्लाको भीरकोट नगरपालिकाकी उपप्रमुख भगवती रेग्मी अर्याल, पर्वत जिल्लाको मोदी गाउँपालिकाकी अध्यक्ष हिरादेवी शर्मा, लमजुङ जिल्ला बेशीसहर नगरपालिकाकी उपप्रमुख पद्मा गुरुङ र कास्की जिल्लाको अन्नपूर्ण गाउँपालिकाकी उपाध्यक्ष चन्द्रकला अधिकारी अन्तिम प्रतिस्पर्धीका रुपमा छनोट भएको आयोजकले जनाएको छ।

# टेवानको 'तेस्रो तीज सांस्कृतिक महोत्सव' सुरु

पोखरापत्र संवाददाता
पोखरा, १० भाद्र

पर्यटन व्यवसायी महिला संघ नेपाल (टेवान) को आयोजनामा मंगलबारदेखि पोखराको लेकसाइडस्थित बाराहीघाट चौरमा 'तेस्रो तीज सांस्कृतिक महोत्सव-२०८२' सुरु भएको छ।

हरितालिका तीजको अवसरमा आयोजित महोत्सवको उद्घाटन गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुदमन्त्री बिन्दुकमार थापाले गरे।

उद्घाटन समारोहमा उनले संस्कृति संरक्षणमा यस्ता महोत्सव महत्त्वपूर्ण हुने बताए। महोत्सवमा प्रदेश सांसद प्रकाश बराल, कास्कीकी प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मा, पोखरा महानगरपालिका-२ का वडाध्यक्ष दिवसमान प्रधानांग, पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारी, कलाकार हरिदेवी कोइराला, महिला सञ्जाल बैदामकी अध्यक्ष बबिता मल्लले सभ्य र अनुशासित रुपले तीज मनाउनुपर्नेमा जोड दिए।

टेवान अध्यक्ष शोभा न्यौपाने पाण्डेले चौरमा बसेर तीज गीत गाउने परम्परा हराउँदै गएको अवस्थामा उक्त परम्पराको पुनर्जागरणका लागि पनि महोत्सव आयोजना गरिएको बताइन्।

महासचिव शोभा अधिकारी पौडेलले पर्वलाई महिला सशक्तीकरणसँग जोड्नु महोत्सवको मुख्य उद्देश्य भएको बताइन्। उद्घाटनअघि हल्लनचोकबाट बाजागाजा सहित झाँकी र्‍याली सुरु भएर बाराहीघाटमा आएर समारोहमा परिणत भएको थियो।

महोत्सवमा मंगलबारदेखि तीज गीत प्रतियोगिता सुरु भएको छ। प्रतियोगितामा सहभागी अधिकांश महिला समूहले पर्यटनसँग जोडेर तीज गीत प्रस्तुत गरे। पोखराको फेवा ताल संरक्षण, पर्यटकीयस्थलको प्रवर्द्धन, पर्यटनमा महिला सहभागिता, महिला सशक्तीकरण लगायत




विषय प्रतियोगी समूहले गीतमार्फत उठान गरेका थिए।

महोत्सव संयोजक शान्ता सुवेदी तिमिल्सिनाका अनुसार बुधबार पनि तीज गीत प्रतियोगिताले निरन्तरता पाउने छ। बुधबार रस्साकसी, घैंटो फुटाउने, साडी दौड जस्ता रमाइला खेलकुदसँगै महिला सशक्तीकरण सम्बन्धी दुईवटा 'टक सो' (संवाद कार्यक्रम) हुनेछन्। तीज गीत प्रतियोगितामा पहिलो हुने टिमले ३५ हजार, दोस्रोले २५ हजार, तेस्रोले २० हजार र सान्त्वना १० समूहले ४-४ हजार रुपैयाँ प्राप्त गर्नेछन्। उत्कृष्ट नृत्यलाई पनि आकर्षक पुरस्कारको व्यवस्था गरिएको उनले बताइन्।

यो महोत्सवले परम्परागत वेशभूषा, सामूहिक नृत्य, लोकसंगीत र परिकारहरूको पहिचानलाई अन्तर ष्ट्रिय जगतमा चिनाउन महत्वपूर्ण भूमिका खेल्ने टेवानकी निवर्तमान अध्यक्ष कमला गिरीले बताइन्। उनले भनिन्, 'सांस्कृतिक संरक्षण, स्थानीय हस्तकला, खानपान र पर्यटन प्रवर्द्धनका नयाँ ढोकाहरू खुल्नेछन्।' महोत्सवकै अवसरमा सेल रोटी पकाउने प्रतियोगिता पनि राखिएको छ।

# तनहुँमा एक जनामा जापानिज इन्सेफलाइटिस सङ्क्रमण पुष्टि

पोखरापत्र संवाददाता
तनहुँ, १० भाद्र

तनहुँमा एक जनामा जापानिज इन्सेफलाइटिस सङ्क्रमण पुष्टि भएको छ। भिमाद नगरपालिका-२ का ८० वर्षीय पुरुषमा जापानिज इन्सेफलाइटिस सङ्क्रमण पुष्टि भएको हो।

नयाँ मेडिकल कलेज चितवनमा परीक्षण गर्दा ती वृद्धमा जापानिज इन्सेफलाइटिस सङ्क्रमण पुष्टि भएको जनस्वास्थ्य कार्यालय तनहुँका सूचना अधिकारी सुदीप कँडेलले जानकारी दिनुभयो। ती वृद्धमा जापानिज इन्सेफलाइटिस सङ्क्रमण देखिएपछि कार्यालयले रोगको सम्पर्क परीक्षण तथा जनचेतना कार्यक्रम गरेको छ। कार्यालय प्रमुख अमर दवाडीको नेतृत्वमा उक्त वडामा पुगेर स्थानीयवासीको सम्पर्क परीक्षण गरिएको कँडेलले जानकारी दिनुभयो।

जापानिज इन्सेफलाइटिस लामखुट्टेको टोकाइबाट सर्ने र मस्तिष्कमा सङ्क्रमण हुने रोग हो। यसले सङ्क्रमितको स्नायु प्रणालीलाई अङ्भङ्ग बनाउनुका साथै बिरामीको मृत्युसमेत हुने स्वास्थ्यकर्मी बताउँछन्।

# तीजको ...

छ भने अनुकूल सांस्कृतिक पक्षलाई बचाइराख्न पनि उत्तिकै आवश्यक हुन्छ। यिनको मूल्य, मान्यता र पहिचानलाई भने कायम गर्नुपर्ने हुन्छ।' हामीले हाम्रा सन्ततिलाई दिने भनेकै हामीसँग भएको संस्कार, संस्कृति, रीतिरिवाज र चालचलन हो भन्नुहुँदै उहाँले धार्मिक, सामाजिक, सांस्कृतिक तथा वैज्ञानिक महत्व र विशेषता भएका यस्ता पर्वहरूको संरक्षण गर्नु हामी सबैको साझा कर्तव्य रहेको उल्लेख गर्नुभयो।

२०५१ सालमा स्थापित संस्थाले ३१ वर्षको लामो अवधिमा साहित्य र संस्कृतिको धरोहर बनेर साहित्य, कला, संस्कृति, राष्ट्रिय कवि सम्मेलन, दुर्व्यसन सम्बन्धी सचेतना, विभिन्न स्वास्थ्य शिविर, वातावरण संरक्षण, महिला सशक्तिकरण, पठन संस्कृतिको विकासका लागि पुस्तकालय, विद्यार्थी तथा जेष्ठ नागरिक सम्मान जस्ता विविध क्षेत्रमा काम गर्दै आइरहेको जानकारी पाउँदा खुशी लागेको बताउनुभयो।

# विश्व भ्रातृत्व दिवसमा रक्तदान

पोखरापत्र संवाददाता
बागलुङ, १० भाद्र

राजयोगिनी दादी प्रकाशमणिको १८औँ स्मृति दिवस तथा विश्व भ्रातृत्व दिवसका अवसरमा सोमबार बागलुङमा आयोजित रक्तदान कार्यक्रममा ५० जनाले रगत दान गरेका छन्।

ब्रह्माकुमारी ईश्वरीय विश्वविद्यालय, क्षेत्रीय कार्यालय, बागलुङको आयोजना र नेपाल रेडक्रस सोसाइटीको प्राविधिक सहयोगमा सञ्चालन भएको कार्यक्रममा ५० युनिट रगत सङ्कलन भएको क्षेत्रीय कार्यालयका प्रमुख ब्रह्माकुमारी सावित्री बरालले जानकारी दिनुभयो।

बागलुङ बजारस्थित ओम शान्ति भवनमा आयोजित रक्तदान कार्यक्रममा उच्च अदालत पोखरा, बागलुङ इजलासका मुख्य न्यायाधीश नातिकाजी लामिछाने, बागलुङ नगरपालिकाका प्रमुख वसन्तकुमार श्रेष्ठलगायत विशिष्ट व्यक्तिहरूको उपस्थिति थियो।

'विश्व एकता र भ्रातृत्वका लागि रक्तदान' भन्ने आदर्श वाक्यसहित नेपाल, भारतसहितका मुलुकमा विशाल रक्तदान शिविरको आयोजना भइरहेको ब्रह्माकुमारी ईश्वरीय विश्वविद्यालय, क्षेत्रीय कार्यालय, बागलुङका प्रमुख बरालले जानकारी दिनुभयो।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरूका लागि
महिलाहरूमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरूमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि

डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरूको विशेष आयुर्वेद उपचारको लागि

डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु।
- जर्ज बार्वर

## सम्पादकीय

# खुल्न सक्ला त्रिवि ?

सधैं श्वआदोलन विद्या विश्व लय (त्रिवि) मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गतका चारवटा केन्द्रीय विभागमा शुल्क समायोजनको माग गर्दै ३४ दिनदेखि जारी विद्यार्थी आन्दोलन शुक्रबार सहमति भएसँगै फिर्ता भएको छ। शुल्क शोषणविरुद्ध अनेरास्ववियू क्रान्तिकारी अन्तर्राष्ट्रिय (क्याम्पस) त्रिवि जिल्ला समिति नेतृत्वको आन्दोलनरत पक्ष र विश्वविद्यालय प्रशासनबीच शुक्रबार कीर्तिपुरमा भएको वार्तापछि ४ बुँदे सहमति भएको छ।

सहमति अनुसार अन्तर्राष्ट्रिय सम्बन्ध तथा कूटनीति, डेमोग्राफिक अध्ययन, सामाजिक कार्य र शान्ति तथा विकास अध्ययन विभागमा कायम शुल्कदर घटाई प्रतिविद्यार्थी १ लाख १० हजार रुपैयाँ कायम गर्ने निर्णय भएको छ। सो निर्णय आगामी दोस्रो सेमेस्टरदेखि कार्यान्वयनमा आउनेछ। त्यसैगरी, त्रिवि नियमअनुसार छात्रवृत्ति उपलब्ध गराउने, सम्बन्धित विभागहरुको भौतिक पूर्वाधार तथा आवश्यक जनशक्तिको व्यवस्था गर्दै जाने सहमति भएको छ। आन्दोलनरत पक्षले आजैदेखि सबै कार्यक्रम फिर्ता गर्ने निर्णयसमेत भएको छ।

वार्तामा त्रिविको तर्फबाट कार्यकारी निर्देशक विष्णुप्रसाद चालिसे, आन्दोलनरत विद्यार्थीहरुको तर्फबाट ममता श्री जोशी, शिवराज भट्ट, कृष्णप्रसाद ओली, प्रविन दाहाललगायतको हस्ताक्षर रहेको छ। वार्तामा मानविकी तथा सामाजिक शास्त्र संकायका डिन प्रा.डा. दुबिन्द्र ढकाल रोहबर रहेका थिए। सधैं तालाबन्दी हुने त्रिभुवन विश्व विद्यालयमा पालैपालो राजनीतिक दल निकटका विद्यार्थी संगठनले तालाबन्दी गर्ने गरेका छन।बन्द र हड्ताल गर्न प्रतिस्पर्धा गरेकै कारण पठन पाठन र अन्य शैक्षिक गतिविधि सुस्त भएको छ। त्रिविका पदाधिकारीले असुरक्षित महसुस गर्दै आएका छन। पछिल्लो समय त्रिवि पदाधिकारीले प्रहरी सुरक्षा लिदै आएका छन। राजनीतिक दलको आडमा विश्वविद्यालयमा दलका भातृ संगठनको अबरोधले त्रिविको छवि राम्रो देखिदैन। राजनीतिक दलले भातृसंगठलाई अनुशासनमा राख्न सकेमा सधैंको तालाबन्दी अन्त्य हुनेछ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सहयोग मिल्नेछ |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शुभ यात्रा | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : स्वास्थ्यमा सुधार | मकर | : शारीरिक झमेला |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : मानसिक तनाब |
| कन्या | : कार्यमा सफलता | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# कांग्रेसले न्यौपानेलाई राज्यव्यवस्था समितिको उम्मेदवार बनाउने

**रासस**
काठमाडौं, १० भाद्र

नेपाली कांग्रेसले राज्य व्यवस्था तथा सुशासन समितिको रिक्त सभापति पदमा ईश्वरीदेवी न्यौपानेलाई उम्मेदवार बनाउने निर्णय गरेको छ।

पार्टी सभापति शेरबहादुर देउवाको अध्यक्षतामा आज बसेको पार्टीका शीर्ष नेताको बैठकले सो निर्णय गरेको महामन्त्री विश्वप्रकाश शर्माले जानकारी दिनुभयो। बैठकमा उपसभापतिद्वय पूर्णबहादुर खड्का र धनराज गुरुङ तथा महामन्त्रीद्वय गगनकुमार थापा र शर्मा उपस्थित हुनुहुन्थ्यो। नयाँ सभापतिका लागि यही भदौ ११ गते निर्वाचन हुँदैछ। कांग्रेस सांसद रामहरि खतिवडाले सभापतिबाट राजिनामा दिएपछि उक्त पद रिक्त थियो।

# पूर्णतयारी गरेर मात्रै इम्बोस्ड नम्बरप्लेट लागू गर्न यातायात मजदुरको माग

**रासस**
काठमाडौं, १० भाद्र

यातायात क्षेत्रमा क्रियाशील मजदुरहरूले पूर्ण तयारी गरेर मात्र इम्बोस्ड नम्बर प्लेट अनिवार्य गर्न माग गरेका छन्।

नेपाल यातायात मजदुर सङ्घ, नेपाल यातायात स्वतन्त्र मजदुर सङ्गठन र अखिल नेपाल यातायात मजदुर सङ्घले आज संयुक्त प्रेस विज्ञप्ति जारी गरी पूर्ण तयारी गरेर मात्रै सहुलियत शुल्कमा प्रिन्ट गर्न सकिने वातावरणको विकास गर्दै सरोकारवालासँगको छलफलमा इम्बोस्ड नम्बर प्लेट अनिवार्य गर्न माग गरेका हुन्। मजदुर सङ्घ सङ्गठनले यातायात क्षेत्रलाई प्रविधिमैत्री बनाउने र समयसापेक्ष सुधार गर्ने विषयमा आफूहरू सकारात्मक रहे पनि स्वदेशमै नम्बर प्लेट तयार गर्ने तथा डाटा सुरक्षा गर्ने ग्यारेन्टी सरकारले बनाउनुपर्ने बताएका छन्।

नेपाल यातायात मजदुर सङ्घका अध्यक्ष धर्मराज भण्डारीले सरकारले एक दशकदेखि सवारी साधनमा इम्बोस्ड नम्बर प्लेट जडान गरे पनि यसको कार्यान्वयन र परिणाम शून्य भएको बताउनुभयो। "सवारी चालक अनुमतिपत्र (लाइसेन्स) प्रिन्टसमेत गर्न नसकिरहेको र दुई वर्षसम्म पनि नागरिकले लाइसेन्स पाउन नसकिरहेको बेलामा देशमा रहेको लाखौँ सवार साधनमा इम्बोस्ड नम्बरप्लेट अनिवार्य गर्ने विषय आफैँमा अविश्वासिलो र शङ्कास्पद छ," उहाँले भन्नुभयो।

इम्बोस्ड नम्बर प्लेटमा रहने अक्षर र अङ्क देवनागिरी र अङ्ग्रेजी दुवै लिपिमा हुनुपर्ने भन्ने व्यवस्था विपरीत सरकारले सूचना प्रकाशित गरेको मजदुर संस्थाहरूले बताएका छन्।

# अशक्त र ज्येष्ठ नागरिकलाई राष्ट्रिय परिचयपत्र अनिवार्य छैनः विभाग

**रासस**
काठमाडौं, १० भाद्र

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले बालबालिका, आफ्नो हेरचाह आफैँ गर्न नसक्ने अशक्त, असहाय वा ९० वर्षभन्दा माथिको ज्येष्ठ नागरिकका हकमा राष्ट्रिय परिचयपत्र नभए पनि सेवा लिन कुनै बाधा नपर्ने प्रावधानको पुनःस्मरण गराएको छ।

विभिन्न स्थानीय तहले परिचयपत्र अनिवार्य रहेको भन्दै सेवा प्रवाहमा कठिनाइ भएको बताउँदै आएपछि विभागले उक्त प्रावधान स्मरण गराएको हो।

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने प्रयोजनका लागि ज्येष्ठ नागरिकले दुःख पाएको तथा अशक्तलाई पनि अनिवार्य रुपमा राष्ट्रिय परिचयपत्र नम्बर आवश्यक रहेको भन्ने गुनासो पछि विभागले थप स्पष्ट पारेको हो। सरकारले २०८१ असार २० गते नेपाल राजपत्रमा सूचना प्रकाशित गरी विभिन्न सार्वजनिक सेवामा राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य गरेको थियो। सामाजिक सुरक्षा भत्ता, बिमा निवृत्तिभरण, राजस्व, सवारी चालक अनुमतिपत्र, कम्पनी दर्ता, बैंकिङ तथा वित्तीय सेवा, टेलिफोन तथा सिमकार्ड, सामाजिक सुरक्षा कोष र घरजग्गा कारोबारमा परिचयपत्र अनिवार्य गरिएको छ। विभिन्न स्थानीय तह, सेवा प्रदायक निकायबाट अशक्त तथा ज्येष्ठ नागरिकलाई राष्ट्रिय परिचयपत्र नम्बर माग गरिएको र सोका लागि कष्टपूर्वक सेवा इकाइमा पुग्न परेको भन्ने सूचना र गुनासो प्राप्त भएकाले विभागले सोमबार एक सूचनामार्फत स्पष्ट पारेको विभागका निर्देशक मुकेशकुमार केशरीले जानकारी दिनुभयो।

# क्यान्सर अस्पतालमा अतिरिक्त समयमा शल्यक्रिया सेवा

**रासस**
चितवन, १० भाद्र

बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा शल्यक्रियाको विस्तारित सेवा पुन सुरुआत गरिएको छ।

अस्पतालका कार्यकारी निर्देशक डा शिवजी पौडेलका अनुसार बिरामीको चाप बढ्दै गएपछि नियमित समयभन्दा अतिरिक्त समयमा शल्यक्रिया सेवा थालिएको हो। नियमितभन्दा अतिरिक्तमा केही शुल्क बढी लाग्ने भए पनि पालो कुर्न नचाहने र आर्थिक रूपमा केही सक्षम बिरामीलाई लक्षित गरेर सेवा थालनी गरिएको हो। यसबाट विपन्न अन्य बिरामीका लागि पनि सहज हुने उहाँले जानकारी दिनुभयो। गत आइतबार आन्द्राको क्यान्सरको शल्यक्रिया गरिएको कन्सल्टेन्ट सर्जिकल अङ्कोलोजिष्ट डा ज्ञानप्रसाद पोखरेलले बताउनुभयो। सोमबार नाक, कान, घाँटीको शल्यक्रिया यसै सेवाअन्तर्गत गरिएको छ। अस्पतालमा नियमित शल्यक्रिया गर्नुपर्ने बिरामीले दुई महिनासम्म पालो कुर्नुपर्ने हुन्छ। डा पोखरेलले विस्तारित सेवामार्फत उपचार गर्न पाएसँगै बिरामीलाई धेरै राहत हुने बताउनुभयो। अस्पतालमा न्यूरो (नसा), हेड एण्ड नेक (नाक-कान-घाँटी), थोरासिस (छाती) जिआई (पेट) ब्रेस्ट (स्तन), युरोलोजि (मूत्रासय), गाइनोलोजी (पाठेघर), अर्थोपेडिक्स (हाडजोर्नी), प्लाष्टिक शल्यक्रिया हुने गर्दछ। तीमध्ये प्लाष्टिकबाहेकका सबै शल्यक्रिया विस्तारित सेवामा हुनेछन्। कार्यकारी निर्देशक डा पौडेलले देशभरमा क्यान्सरको उपचार हुने बिरामीमध्ये ६० प्रतिशत यसै अस्पतालमा हुने गरेको बताउनुभयो। उहाँका अनुसार सन् २०२३ मा अस्पतालमा पाँच हजार ३७४ वटा शल्यक्रिया गरिएका छन्। अघिल्लो वर्ष चार हजार शल्यक्रिया गरिएको थियो। सन् २०२३ मा बहिरङ्ग सेवामा एक लाख ७२ हजार ५६ बिरामीको उपचार गरिएको छ। अघिल्लो वर्ष यो सङ्ख्या एक लाख ६२ हजार थियो। सन् २०२४ को तथ्याङ्क आइनसके पनि निरन्तर बिरामीको सङ्ख्या बढ्दै गएपछि चापलाई ध्यानमा राखेर अस्पतालले विस्तारित सेवा सुरु गरेको हो।

# लोघेकरका किसानलाई अनुदानमा हातेट्र्याक्टर

**पोखरापत्र संवाददाता**
बागलुङ, १० भाद्र



यहाँको लोघेकर दामोदरकुण्ड गाउँपालिकाले किसानलाई अनुदान सहुलियतमा हातेट्र्याक्टर (पावर टिलर) वितरण गरेको छ।

गाउँपालिकाले चालु आर्थिक वर्षको वार्षिक स्वीकृत 'कृषि यान्त्रिकीकरण' कार्यक्रमअनुसार माग सिफारिसका आधारमा पाँचैवटा वडाका किसानलाई सोमबार पहिलो चरणमा अनुदान सहुलियतको हातेट्र्याक्टर वितरण गरेको हो।

हातेट्र्याक्टर अनुदान दिन २५ लाख रुपैयाँ गाउँपालिकाले विनियोजन गरेको कृषि शाखा प्रमुख दीपक खड्काले जानकारी दिनुभयो। प्रमुख खड्काकाअनुसार गाउँपालिकाको अनुदान ४५ प्रतिशत र लाभग्राही किसानको ५५ प्रतिशत लागत साझेदारी रहनेगरी प्रति हाते ट्र्याक्टर ५६ हजार ५०० बराबरको एक सय थान हातेट्र्याक्टर वितरण गरिने छ। सोमबार पहिलो चरणमा वडा नं १ को चराङ र मराङमा ३५ थान र वडा नं ४ को ढी र सुर्खाङ गाउँका १० थान हातेट्र्याक्टर वितरण गरिएको शाखा प्रमुख खड्काले बताउनुभयो।

गाउँपालिकाले दोस्रो चरणमा यहाँको वडा नं २, ३ र ५ का किसानलाई बाँकी ५५ थान ट्र्याक्टर वितरण गर्ने वडा नं १ का वडाध्यक्ष टैढिन्डुक ठकुरीले जानकारी दिनुभयो। परम्परागत रूपमा गोरु, झोपाको सहयोगमा खेत जोत्ने परम्परा रहे पनि पछिल्लो समय जनशक्तिको अभाव, युवा पलायन, परम्परागत शैलीबाट खेत जोत्न झन्झटिलो, लागत र समय बढी लाग्ने भएकाले कृषकलाई यान्त्रिकीकरण तर्फ आकर्षित गरिएको जनाइएको छ।

# रोपो कुहिन थालेपछि किसान चिन्तित

**पोखरापत्र संवाददाता**
बागलुङ, १० भाद्र



यहाँको काठेखोला गाउँपालिका-१ पालाका तुलबहादुर खत्रीको दुई हलको मेलामा रोपेको धानको रोपो पूर्ण रुपमा कुहिएको छ। गोडमेल गर्ने बेलामा केही गाँज कुहिएको थियो। थप नकुहियोस् भनेर औषधि छर्कनुभयो। तर, कुहिन रोकिएन, हेर्दाहेर्दै खेत रित्तै हुन लागेको उहाँको भनाइ छ।

काठेखोला गाउँपालिका, बागलुङ नगरपालिका र जैमिनी नगरपालिकाका अधिकांश किसान खत्रीको जस्तै रोपो कुहिने समस्याले चिन्तित छन्। किसानले कृषि ज्ञान केन्द्रमा रोपो कुहिएको र सुकेको जानकारी गराएका छन्। ज्ञान केन्द्र प्रमुख राजेश्वर सिलवालसहितका प्राविधिकको टोलीले स्थलगत जाँच गरेको छ। गवारो कीरा र खेत कुहिने रोगका कारण अधिकांश किसानको रोपो कुहिएको र सुकेको सिलवालले बताउनुभयो। सिलवालका अनुसार किसानमा प्राविधिक ज्ञानको अभावले रोपो कुहिने र सुक्ने समस्या देखिएको हो। जथाभावी झारनाशक विषादीको प्रयोग गरेका कारण पनि रोपोमा समस्या देखिएको उहाँले बताउनुभयो। "रोपो कुहिएको र सुकेको भन्दै दैनिक कृषि ज्ञान केन्द्रमा सात जनाभन्दा बढी किसान आउनुहुन्छ," सिलवालले भन्नुभयो, "खेतमै पुगेर अनुगमन गर्ने र सल्लाह सुझाव दिने गरेका छौं।"

गौरिया, मसिनो, गुडुरा, जेठोबुढो र हाइब्रिड धानमा बढी समस्या देखिएको कृषि ज्ञान केन्द्रका बाली संरक्षण अधिकृत सन्तोष अधिकारी बताउनुभयो। निरीक्षणपश्चात समस्याअनुसार विषादी दिएर पठाउने गरेको उहाँले बताउनुभयो।

उहाँका अनुसार रोपो पहेँलो हुने समस्या देखिएपछि किसानले युरिया मल प्रयोग गर्दा समस्या थपिएको हो। जिल्लामा धानखेती हुने पाँच हजार ७०७ सात हेक्टर क्षेत्रफलमध्ये पाँच हजार ४७८ हेक्टर क्षेत्रफलमा यसवर्ष रोपाइँ भएको छ।

# २७ सामुदायिक वनमा 'रिचार्ज पोखरी'

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १० भाद्र

डिभिजन वन कार्यालय स्याङ्जाले ५२५ सामुदायिक वनमध्ये २७ सामुदायिक वनमा २७ वटा 'रिचार्ज पोखरी' निर्माण गरेको छ। प्रदेश सरकार गठनसँगै संचालिन सामुदायिक वनमा 'रिचार्ज पोखरी' अभियान अन्र्तगत कार्यालयले छनौटका आधारमा २७ वटा 'रिचार्ज पोखरी' निर्माण गरेको हो।

आर्थिक वर्ष २०७८/०७९ मा चार वटा रिचार्ज पोखरी बनाएपछि शुरु भएको अभियानमा कार्यालयले २०७९/०८० मा ८, २०८०/०८१ मा १२ र गतवर्ष तिन गरी पछिल्लो चार वर्षको अन्तरालमा २७ वटा रिचार्ज पोखरी निर्माण गरेको छ। प्रदेश सरकारको सशर्त अनुदानमा प्रतिपोखरी एक लाखको लागतमा २७ पोखरी निर्माणमा २७ लाख खर्च भएको कार्यालयले जनाएको छ।

पानीको श्रोत भएरपनि सदुपयोग हुन नसकेको र पानीको अभाब भएको (सुख्खा) सामुदायिक वनमा पोखरी निर्माण भएको जनाउँदै कार्यालयले जिल्लाका उत्तरी क्षेत्रका बढि सामुदायिक वन भएको स्थानीय तह फेदीखोला, आँधीखोला, अर्जुनचौपारी र पुतलीबजारमा बढि मात्रामा रिचार्ज पोखरी निर्माण गरेको जनाएको छ।

बनेका पोखरीको संरक्षण गर्दै चालु वर्षमा आधा दर्जन रिचार्ज पोखरी निर्माण गरिने डिभिजनल वन अधिकृत नवराज बरालले जानकारी दिए। 'वनको उपल्लो भागमा पोखरी निर्माण गर्दा वन्यजन्तुलाई पानी पिउन, पानीको मुललाई स्थायी बन्न सहयोग पुगेको छ।' उनले भने, 'पानीको श्रोत जोगाउन रिचार्ज पोखरीले महत्वपूर्ण भूमिका हुँदो रहेछ।' आकाशबाट परेको तथा मुहानबाट आएको पानी संकलन गर्न पोखरी निर्माण गरिन्छ। पोखरीको चारैतिर पक्की पर्खाल लगाएपनि पोखरीको तल्लो भागलाई पुरानै अवस्थामा छोड्ने गरिएको छ। वन्यजन्तुलाई पानी पिउन र पोखरीको पानी जमिनभित्र छिर्न सजिलो होस भनेर पोखरीको तल्लो भाग पुरानै अवस्था छोड्ने गरिएको कार्यालयले जनाएको छ। सामुदायिक वनमा निर्मित रिचार्ज पोखरीहरु बहुउपयोगी बनेको वन अधिकृत अमर पराजुलीले दाबी गरे। पोखरीको पानीबाट मुहान संरक्षण भएको छ भने वन्यजन्तु पानीको खोजिमा घरबस्ती पस्ने क्रमपनि रोकिएसँगै अल्पकालिन सिँचाइमा समेत सुविधा पुगेको पराजुलीले बताए। पोखरी निर्माण भएपछि सडक निर्माणले हराउँदै गएका पानीका मुहान देखिन थालेको सामुदायिक वन उपभोक्ताले सुनाए। माथिल्लो भागमा निर्माण गरेको पोखरीले तल्लो तथा तटीय भेगमा पानीको श्रोत बढेको उनीहरुले बताए। चरनका लागि वन पुगेका पशुचौपायाँलाई समेत पानी उपभोगमा सहज बन्दै गएको उनीहरुको भोगाई छ।

# कसरी बढ्दै छ मानवमा ज्ञानसागर ?

डा. होमनाथ पाठक

आदिमानव नियानडरथलभन्दा पहिलेका मानव प्रजातिहरू सम्पूर्ण रूपमा अन्य जनावरहरू जस्तै थिए । खाना खोज्नु र खानु दिनचर्या हुने गर्थे । उनीहरू सोच्न, सपना देख्न, कल्पना गर्न सक्दैनथे ।

बिस्तारै बिस्तारै हालको होमो स्यापियन्स भन्ने मानव प्रजाति यसपछि देखा पऱ्यो । यसमा सोच्न कल्पना गर्न सक्ने क्षमता रहेको पाइयो । बिस्तारै भाषाको विकास भयो । भाषासँगै एक अर्कामा सञ्चार गर्न सक्ने कुराकानी गर्न सक्ने व्यवस्था बन्यो आफूले देखे भोगेका कुराहरू कथावाचन गर्दै पुस्तान्तरण गर्दै गइयो ।

यसरी लेखन कार्यको विकास हुनुपूर्व नै अलिखित ग्रन्थहरू जस्तो वेदको विकास भएको हुनुपर्छ । तत्पश्चात् भने सबै ग्रन्थहरू लिखित रूपमा आउन थाले । प्राणी तथा वनस्पतिहरूभन्दा मान्छे ज्ञान आर्जनको क्षेत्रमा अग्रणी छ किनकि यसले प्रश्न गर्ने र त्यसको उत्तर खोज्ने कुराको विकास गरेको छ । हुन त सन्तोषम् परम् सुखम् भन्ने मान्छेहरू पनि हाम्रो समाजमा छन् । त्यस्ता आफ्नो कर्मको सबै जिम्मा भाग्य वा ईश्वरलाई दिएर बस्ने मानिसहरू पनि छन् । तिनीहरूबाट भने समुन्नत ज्ञानको अभिलाषा राख्न सकिँदैन, एक जिज्ञासु मानवले कार्ल मार्क्सले भनेजस्तै हरेक कुरामा रहस्य देख्छन् । वैज्ञानिक न्युटनले जस्तै पाकेको स्याउ किन पृथ्वीतिर खस्छ भनेर प्रश्न गर्छन् । दार्शनिकहरूले जस्तै म को हुँ? भनेर प्रश्न गर्छन् । स्टेफन हकिङ्सले जस्तै विश्व र ब्रह्माण्डको अस्तित्त्वको विषयमा कुरा गर्छन् । यावत् प्रश्नहरूको उत्तर खोज्न अवलोकन, प्रयोग, अनुभव आदिबाट तथ्य सङ्कलन गर्दै यथार्थ, पुनः प्रयोग गर्न सकिने सिद्धान्तहरूको विकास गर्छन् । क्रमिक रूपमा एउटा मानवले ज्ञान प्राप्तिका लागि उठाएको जोखिम, सफलता वा असफलता आदि विषयवस्तुहरू जम्मा हुँदै अरु थपिँदै जाँदा मानव अहिलेको सर्वश्रेष्ठ प्राणीको रूपमा देखा परेको हो । मानव अज्ञानी रहँदा र प्रत्येक प्रकृतिका नियमहरूको ज्ञान नहुँदा उसले ती नियमहरूको परिणामलाई रहस्यमय, दैवी चमत्कार र मायावी लाग्थे । तर ज्ञान प्राप्त गरिसकेपछि भने ती विषयहरू अन्धविश्वासका रूपमा देखा परे र आजको मानव बुद्ध, मार्क्स, जस्तै नास्तिक वा वेद नमान्ने प्रमाणित कुराहरू मात्र मान्ने बने ।

मानव विकासक्रम हेर्ने हो भने आदि मानवहरू पाषणयुगमा जनावरको सिकार गर्ने र फिरन्ते जीवन बिताउने गर्थे । ढुङ्गाको घर्षणबाट आगो निस्केको देखेका ती मानवहरूले पोलेर र पकाएर खान सिके, जनावरहरूलाई घरपालुवा बनाउन सिके, अन्नबालीहरू फलफुलहरू रोप्दै कृषि युगमा प्रवेश गरे । उनीहरू फिरन्ते जीवनबाट एकै ठाउँमा बस्ने, सामाजिकीकरणको विकास गर्ने, प्रकृतिलाई बुझ्ने र त्यसबाट सकेसम्म धेरै फाइदा लिन सक्ने सर्वोत्कृष्ट प्राणीको रूपमा देखा परे । ज्ञानको विस्तारसँगै र नयाँ नयाँ प्रविधिको विकाससँगै मानव औद्योगिक युगमा प्रवेश गऱ्यो । जमिन उद्योगका मालिकहरू र काम गर्ने ज्यामी मजदुरहरूको बिच द्वन्द देखा पर्दै गयो । कार्ल मार्क्सको दृष्टान्तमा आधारित रहेर हुँदा खानेहरूले हुने खानेहरूसँग लडाइँ लडे, सफल पनि भए । विश्वका धेरै देशहरूमा लैङ्गिक र वर्गीय समानताहरू देखा परे । समाज विज्ञानका वैज्ञानिकहरू भने अहिलेको पुँजीवादी युगपछि समाजवादी युग आउने विश्वास गर्छन् ।

सञ्चारको क्षेत्रमा टेलिफोनको आविष्कारसँगै साँघुरिएको विश्व, रेडियो, टेलिभिजन, कम्प्युटर हुँदै इन्टरनेटको आविष्कारबाट विश्वव्यापी गाउँको रूपमा देखा परेको छ । यति मात्र नभएर इन्टरनेटसँगै कृत्रिम चेतनाको विकास भएको छ । जसले गर्दा सम्पूर्ण मानव श्रमको आवश्यक हुने कलकारखाना, कृषि, पशुपालन वा सम्पूर्ण कार्यहरू अबको केही वर्ष भित्र कृत्रिम चेतनायुक्त रोबोटहरूले गर्नेछन् । मानवको काम भनेको यिनीहरूको जतन, सम्भार, रेखदेख र व्यवस्थापन हुनेछ । त्यसैगरी जैविक प्रविधिको विकाससँगै मानिसले सानो ठाउँमा धेरै उत्पादन गर्नेछ । रातारात मासु, फलफुल, दूध, र अन्य आवश्यक वस्तुहरू उत्पादन गरिनेछन् । त्यसैगरी वंशाणु इन्जिनियरिङको प्रयोग गरेर उन्नत किसिमका बालीनाली, पशुपंक्षी, औषधिमुलो, आदिको विकास गरिनेछ । र यो विश्व एउटा सुन्दर र भौतिक सुख सुविधा सम्पन्न बन्नेछ ।

प्रविधिको विकाससँगै मानिसको संस्कृति चालचलन र सम्पूर्ण जीवन प्रभावित हुने भएकोले विश्व पलपल परिवर्तनतिर उन्मुख छ । हिजो मानिने गरेका कुराहरू जस्तै घरघरमा एउटा गाई होस्, खाना पुग्ने जमिन होस् आदिले आजको समाजलाई प्रतिनिधित्व गर्दैनन् । त्यसैगरी भूमिसुधारमा हदबन्दीको कुराले पनि आर्थिक समानतामा खासै महत्त्व राख्दैनन् किनकि सहरको एउटा सामान्य घर करोडौं पर्छ भने एउटा गाउँको पुरै जमिनको मूल्य एक करोड नहुन पनि सक्छ । आजको समाजको रूपान्तरण नयाँ परिस्थितिसँग तथ्यपरक विश्लेषणसहितका परिकल्पनामा आधारित हुनुपर्छ ।

-साभार गण्डकी आलोक

# चेपाङ किसानका लागि गाउँपालिकाद्वारा रोपवे निर्माण

पोखरापत्र संवाददाता
गोरखा, १० भाद्र

गण्डकी गाउँपालिका-६ हिक्लुङ र थुम्काका चेपाङ समुदायका किसानको उत्पादनलाई बजारसम्म पुऱ्याउनका लागि गाउँपालिकाले रोपवे निर्माण गरेको छ । गाउँपालिकाले गण्डकी प्रदेश सरकारसँग साझेदारी गरी विद्युतीय रोपवे निर्माण गरेको गाउँपालिकाका प्रमुख दीपक तिमिल्सिनाले जानकारी दिनुभयो ।

चेपाङ समुदायको मात्र बसोबास भएको हिक्लुङ र थुम्काबाट पृथ्वीराजमार्गको हिक्लुङघाटसम्म रोपवे निर्माण गर्न लागेको उहाँले जानकारी दिनुभयो । "यहाँका चेपाङ समुदाय असाध्यै मेहेनती छन् । उनीहरू विगत २०५० सालदेखि नै व्यावसायिक तरकारीखेती गर्दै आएका छन् । उनीहरूले बारीमा उत्पादन भएको मौसमी, बेमौसमी तरकारी डोकोमा बोकेर हाइवेसम्म झार्ने गरेका छन्", गाउँपालिका प्रमुख तिमिल्सिनाले भन्नुभयो, "गाउँमा सडक निर्माण गर्न प्रयास गरेको हो तर, भिरालो जमिन भएकाले यहाँसम्म सडक निर्माण गर्न धेरै कठिन भयो । गाउँ पनि जोखिम हुने भयो । त्यसैले यो नै सबैभन्दा उत्तम विकल्प भन्ने ठानेर रोपवे बनाउन थालेका हौँ ।" रोपवेमा तरकारी ढुवानी गर्न पाएमा चेपाङ किसानलाई ठूलो राहत हुने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

लागत साझेदारी कार्यक्रमअन्तर्गत रु एक करोड लागतमा रोपवे निर्माण गर्न लागिएको हो । गाउँपालिकाको ६० प्रतिशत र प्रदेश सरकारको ४० प्रतिशत लागत साझेदारीमा काम भइरहेको गाउँपालिकाका प्राविधिक शाखाका ओम शाहले भन्नुभयो, "असोजभित्र निर्माण गरिसक्ने हाम्रो लक्ष्य हो, काम धमाधम भइरहेको छ", अब तार टाँग्ने काममात्र बाँकी रहेको उहाँले बताउनुभयो ।

उहाँका अनुसार सो रोपवेको लम्बाइ छ सय ३० मिटर रहेको छ । चितवनको जिटी मेसिन प्रालि कम्पनीले रोपवेको निर्माण गरिरहेको प्राविधिक शाखाका शाहले जानकारी दिनुभयो । विगत ३० वर्षदेखि यहाँका चेपाङ किसान तरकारीखेतीतर्फ उन्मुख छन् । उनीहरूको उत्पादनलाई बजारसम्म पुर्‍याउन यसअघि यहाँ २०६८ सालमा ग्राभिटी रोपवे निर्माण गरिएको थियो । सो प्रविधि बिग्रिएपछि अहिले विद्युत् बाट चल्ने रोपवे निर्माण गर्न लागिएको वडा नं ७ का अध्यक्ष तुलसी रेग्मीले जानकारी दिनुभयो ।

# म्याग्दीको दुर्गम नामिलामा सामुदायिक स्वास्थ्य एकाइ स्थापना

पोखरापत्र संवाददाता
म्याग्दी, १० भाद्र

भौगोलिक रूपमा विकट र दुर्गम क्षेत्रमा पर्ने म्याग्दीको रघुगङ्गा गाउँपालिका-७ सामुदायिक स्वास्थ्य एकाइ सञ्चालन भएपछि स्थानीयलाई आधारभूत स्वास्थ्य सेवा लिन सहज भएको छ ।

नामिलाका बासिन्दालाई चिमखोला र घ्याँसीखर्कमा रहेको स्वास्थ्य चौकीमा पुगेर सेवा लिन अपायक थियो । बर्खायाममा पहिरोका कारण सडक र पैदलमार्ग अवरुद्ध हुँदा स्वास्थ्य सेवाबाट वञ्चित हुनुपर्ने अवस्था थियो । एकाइबाट नामिला र कुइनेका करिब एक सय घरपरिवार लाभान्वित भएका स्थानीय मीना बुढाले बताउनुभयो । आमा समूहको भवनको कोठामा एकाइ स्थापना गरिएको छ । यसअघि चिमखोलाको पाल्ले गाउँमा सामुदायिक स्वास्थ्य एकाइ सञ्चालन गरिएको थियो । एक जना अनमी खटाएर स्वास्थ्य परीक्षण, परामर्श, निःशुल्क औषधि वितरण र खोपसम्बन्धी सेवा दिने व्यवस्था मिलाइएको वडा सदस्य प्रेमबहादुर पुनले बताउनुभयो । गत आर्थिक वर्षमा एकाइ परिसरमा सार्वजनिक शौचालय निर्माण भएको र यस वर्ष भवन बनाइने उहाँले बताउनुभयो । नामिला, पाल्लेसहित रघुगङ्गाको ठाडाखानी, कुइनेखानी, रायखोर, दर्मीजा, बादुक, राममन्दिर र मौवाफाँटमा स्वास्थ्य एकाइ स्थापना गरेर स्वास्थ्य सेवा विस्तार गरिएको छ । वडास्तरका स्वास्थ्य संस्थामा पुगेर सेवा लिन अपायक पर्ने गाउँमा एकाइ स्थापना गरेर सेवा विस्तार गरिएको गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारीले बताउनुभयो ।

# भियतनामी उपराष्ट्रपतिको भ्रमण, धार्मिक-सांस्कृतिक पर्यटनमा प्रचुर सम्भावनाको खोजी

भीष्मराज ओझा
काठमाडौं, १० भाद्र/रासस

उपराष्ट्रपति रामसहायप्रसाद यादवको मैत्रीपूर्ण निमन्त्रणामा नेपालको तीनदिने औपचारिक भ्रमणमा आउनुभएका भियतनामका उपराष्ट्रपति भो थि आन सुआन भ्रमण सम्पन्न गरी सोमबार स्वदेश फर्कनुभएको छ ।

उपराष्ट्रपति सुआनले भ्रमणका दौराने राष्ट्रपति रामचन्द्र पौडेल र प्रधानमन्त्री केपी शर्मा ओलीसँग छुट्टाछुट्टै शिष्टाचार भेटवार्ता गर्नुभएको थियो । साथै उहाँले आफ्ना नेपाली समकक्षी रामसहायप्रसाद यादवसँग द्विपक्षीय भेटवार्ता गर्नुभएको थियो भने परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले उहाँसँग शिष्टाचार भेटवार्ता गर्नुभयो । नेपाल र भियतना दुवै मुलुकको सेतुका रुपमा बौद्ध धर्म रहेकाले अधिकांश द्विपक्षीय भेटवार्तामा धार्मिक-सांस्कृतिक पर्यटनका प्रचुर सम्भावनाबारेमा छलफल भएको थियो । दुवै मुलुकबीच सन् १९७५ मे १५ मा कूटनीतिक सम्बन्ध स्थापना भएको हो । राष्ट्रिय जनगणना २०७८ को जनगणनाअनुसार नेपालमा बौद्ध धर्मावलम्बीको सङ्ख्या २३ लाख ९३ हजार ५४९ छ । जुन कूल जनसङ्ख्या दुई करोड ९१ लख ६४ हजार ५७८ को आठ दशमलव दुई प्रतिशत हो । त्यस्तै भियतनाम सरकारको धार्मिक मामिलासम्बन्धी समितिको तथ्याङ्कअनुसार त्यहाँ करिब एक करोड ४० लाख बौद्ध धर्मावलम्बी रहेको उल्लेख छ । झण्डै १० करोड जनसङ्ख्या भएको भियतनामको कूल जनसङ्ख्याको यो लगभग १३ दशमलव तीन प्रतिशत हो ।

भेटका क्रममा राष्ट्रपति पौडेलले नेपाल र भियतनामबीच व्यापार, पर्यटन, लगानी र प्रविधि हस्तान्तरणका क्षेत्रमा द्विपक्षीय आर्थिक सम्बन्ध प्रगाढ बनाउने सम्भावना रहेको बताउनुभएको थियो । साथै उहाँले विशेषतः बौद्ध धर्म दुवै देशका जनताबीचको गहिरो सम्बन्धका लागि सेतुका रूपमा रहेको बताउँदै लुम्बिनीलाई धेरै भियतनामीले आफ्नो जीवनमा एकपल्ट अवश्य दर्शन गर्नुपर्ने पवित्र स्थलका रूपमा हेर्नु खुसीको विषय भएको उल्लेख गर्नुभएको थियो ।

त्यस्तै, उपराष्ट्रपति सुआनले संस्कृति, खेलकुद र पर्यटनका क्षेत्रमा दुवै देशबीच सहकार्य गर्न आवश्यक रहेको बताउँदै अन्तरराष्ट्रिय क्षेत्रमा नेपालले शान्ति कायम गर्न देखाएको अग्रसरता र जलवायु परिवर्तनको असरका सम्बन्धमा गरेको प्रतिबद्धताबाट आफू प्रभावित भएको बताउनुभएको थियो ।

उपराष्ट्रपति यादव र उहाँबीच भएको द्विपक्षीय भेटवार्तामा उहाँहरुबीच दुवै मुलुकबीचको सम्बन्ध मित्रता, सद्भावना र सार्वभौमिकताको सम्मानमा आधारित रहेको र अन्तरराष्ट्रिय मञ्चमा साझा धारणाका साथ अघि बढ्ने सम्बन्धमा कुराकानी भएको थियो । दुवै उपराष्ट्रपतिबीच मन्त्रालयगत र विभिन्न तहमा भ्रमण आदानप्रदान गर्ने सहमति हुनुका साथै दुवै मुलुकबीच धार्मिक सांस्कृतिक पर्यटनको प्रचुर सम्भावनाका ढोका खोल्नेबारेमा छलफल भएको थियो । त्यसका लागि दुवै मुलुकबीच हवाई सम्बन्ध विस्तारका लागि आपसी छलफल गर्ने विषयमा कुराकानी भएको थियो ।

भियतनामकोतर्फबाट यो पहिलो उच्चस्तरीय भ्रमण हो । यो वर्ष नेपाल र भियतनामबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ५० औँ वर्षगाँठसमेत परेकाले यस भ्रमणलाई विशेष महत्वका साथ हेरिएको छ । उपराष्ट्रपति सुआन शनिबार नेपाल आउनुभएको थियो । त्यसैगरी प्रधानमन्त्री केपी शर्मा ओली र उपराष्ट्रपति सुआनबीचको भेटवार्तामा उहाँहरुबीच दुई देशबीच रहँदै आएको समस्यारहित सम्बन्धलाई अझ प्रगाढ बनाउन अनुभव आदानप्रदानका साथै सम्बन्ध विस्तारका विविध पक्षमा छलफल भएको थियो । भेटमा दुई देशबीच सरकार-सरकार, व्यवसाय-व्यवसाय र जनता-जनताका साथै कूटनीतिक र सांस्कृतिक क्षेत्रका सम्बन्धलाई अझ बलियो बनाउने विषयमा कुराकानी भएको थियो ।

यसैगरी, उपराष्ट्रपति सुआनसँग परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले शिष्टाचार भेटवार्ता गरी दुवै देशबीचको सांस्कृतिक सम्बन्धलाई उजागर गर्नुपर्ने र बौद्धधर्म दुवै देश र जनताको सम्बन्ध विस्तारको एक सबल कडी रहेकामा जोड दिनुभएको थियो । उहाँले भगवान् गौतम बुद्धको जन्मस्थल लुम्बिनीको भ्रमणमा धेरै भियतनामी नागरिक आउने गरेको प्रसङ्ग उल्लेख गर्दै सांस्कृतिक पर्यटन प्रवर्द्धनका क्षेत्रमा दुवै देश मिलेर काम गर्न सकिने पनि बताउनुभएको थियो ।

मन्त्रीडाराणालेभियतनामबाट नेपालका भैरहवास्थित गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल र पोखरा विमानस्थलमा उडानको वातावरण निर्माणका लागि पनि आग्रह गर्नुभएको थियो ।

त्यसैगरी उपराष्ट्रपति सुआनसँग नेपाल चेम्बर अफ कमर्शका पदाधिकारीले नेपाल र भियतनामबीच व्यापार, लगानी तथा निजी क्षेत्रका सहकार्यका विषयमा छलफल गरेको थियो । भियतनामका अनररी कन्सुल एवं नेपाल चेम्बर अफ कमर्शका पूर्वअध्यक्ष राजेशकाजी श्रेष्ठ, अध्यक्ष कमलेशकुमार अग्रवाल, निवर्तमान अध्यक्ष राजेन्द्र मल्ल, वरिष्ठ उपाध्यक्ष दीपककुमार मल्होत्रा, महिला चेम्बर अध्यक्ष उर्मिला श्रेष्ठसहितका पदाधिकारीहरुले उहाँसँग भेटगरी द्विपक्षीय लगानी, व्यापार र पर्यटन प्रवर्द्धनका विषयमा छलफल गर्नुभएको थियो ।

चेम्बर अफ कमर्शले नेपाल-भियतनामबीच कृषि, पर्यटन, ऊर्जा, शिक्षा र सूचना प्रविधिजस्ता क्षेत्रमा सहयोग तथा साझेदारीको अपार सम्भावना रहेको भन्दै व्यावहारिक कार्यक्रम अघि बढाउनुपर्नेमा जोड दिएको थियो ।उपराष्ट्रपति सुआनले भ्रमणको अन्तिम दिन सोमबार विश्वसम्पदा सूचीमा सूचीकृत पाटन दरबार स्क्वायर र बौद्धनाथ क्षेत्रको स्थलगत अवलोकन गर्नुभएको थियो । सांस्कृतिक सम्पदाको धरोहर पाटन दरबार स्क्वायर र बौद्धधर्मको ऐतिहासिक महत्वको सम्पदा बौद्धनाथको अवलोकनले पनि यस भ्रमणले विशेष महत्व राखेको छ ।

# त्रिशूली नदीमा पौडी खेल्नेक्रममा एक बालक बेपत्ता, एकको सकुशल उद्धार

पोखरापत्र संवाददाता
तनहुँ, १० भाद्र

देवघाट गाउँपालिका-५ बुद्धचोकस्थित त्रिशूली नदीमा पौडी खेल्ने क्रममा एक बालक बगेर बेपत्ता भएका छन् । उनीसँगै पौडी खेल्न गएका एक बालकको सकुशल उद्धार गरिएको छ ।

जिल्ला प्रहरी कार्यालयका अनुसार सोमबार साँझ नदीले बगाएर बेपत्ता हुनेमा भरतपुर महानगरपालिका-१६ मङ्गलपुरका १७ वर्षीय बालक कृष्ण लामिछाने रहेका छन् भने भरतपुर महानगरपालिका-१५ फूलबारीका १३ वर्षीय कुशल ढकालको सकुशल उद्धार गरिएको हो । प्रहरी नायब उपरीक्षक अशोक थापाले बालक लामिछानेसँगै पौडी खेल्न गएका भरतपुर -१५ फूलबारीका १३ वर्षीय कुशल ढकालको सकुशल उद्धार गरिएको जानकारी दिनुभयो । उहाँका अनुसार स्थानीय सोमबहादुर बोटेले बालक ढकालको उद्धार गरेका थिए । प्रहरी नायब उपरीक्षक थापाले भन्नुभयो, "इलाका प्रहरी कार्यालय देवघाट, प्रहरी चौकी जुगेडी र १७ नम्बर गण आँपटारी चितवनबाट गोताखोरसहितको सशस्त्र प्रहरी टोलीले वेपत्ता बालकको खोजतलास भइरहेको छ, फेला पार्न सकिरहेको छैन ।"

# नवौँ मुनसन कप सुरु

पोखरापत्र संवाददाता
म्याग्दी, १० भाद्र



तीज पर्वका अवसरमा नवौँ मुनसन कप फुटबल प्रतियोगिता सुरु भएको छ । रु एक लाख पुरस्कार राशिको सो प्रतियोगिता मंगलबारदेखि म्याग्दीको बेनी नगरपालिका-६ चुत्रेनीमा सुरु भएको हो ।

द मुनसन युवा क्लबले आयोजना गरेको पाँच दिनसम्म सञ्चालन हुने प्रतियोगितामा 'नाइन ए साइड' खुल्ला पुरुष, 'फाइभ ए साइड' पौढ्र र महिला फुटबल खेलमा प्रतिस्पर्धा हुनेछ ।

उद्घाटन खेलमा भएको महिला फुटसल प्रतियोगितामा आयोजकलाई शून्यका विरुद्ध एक गोल गर्दै सुर्केमेला युवा क्लब दोस्रो चरणमा प्रवेश गरेको छ ।

छ समूह सहभागी महिला फुटसलमा विजेतालाई रु २२ हजार २२२ र उपविजेतालाई रु ११ हजार १११ पुरस्कारको व्यवस्था गरिएको छ । १३ समूह सहभागी खुल्ला पुरुष फुटबल प्रतियोगिताको विजेता र उपविजेतालाई ट्रफी, मेडल र प्रमाणपत्रका साथमा नगद रु एक लाख र ५० हजार पुरस्कार प्राप्त गर्ने क्लबका अध्यक्ष दिनेश बानियाँले जानकारी दिनुभयो । अनुशाषित टोलीलाई रु १० हजार, उत्कृष्ट खेलाडी, किप्पर, डिफेन्डर, सुटर, मिडफिल्डर, सर्वाधिक गोलकर्ता र उदीयमान खेलाडीलाई रु दुई/दुई हजारका दरले पुरस्कृत गरिने उहाँले बताउनुभयो ।

प्रतियोगिताको बेनी नगरपालिका-६ का वडाअध्यक्ष कृष्णसिंह बानियाँले उद्घाटन गर्नुभयो ।

उहाँले चुत्रेनीको खेलमैदानलाई व्यवस्थित बनाउन रु चार करोडको विस्तृत परियोजना प्रतिवेदन तयार पारेर स्रोतको खोजी गरिरहेको र हालसम्म करिब रु ४० लाख लगानी गरेर पूर्वाधार बनाएको जानकारी दिनुभयो ।